# बेलबारी नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ८ संख्याः ९ मितिः२०८२/१२/१४

### भाग-१

## बेलबारी नगरपालिकाको
## आर्थिक ऐन, २०८२ लाई संशोधन गर्न बनेको ऐन, २०८२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकारको प्रयोग गरी बेलबारी नगरपालिकाको आर्थिक ऐन, २०८२ लाई संशोधन गर्न बनेको ऐन, २०८२ लाई नगर सभाको १८ औं अधिवेशनबाट स्वीकृत गरी सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# बेलबारी नगरपालिकाको
# आर्थिक ऐन, २०८२ लाई संशोधन गर्न बनेको ऐन, २०८२

**नगर सभाबाट संशोधन स्वीकृत भएको मितिः** २०८२/१२/१२

**प्रमाणीकरण मितिः** २०८२/१२/१२

**प्रस्तावनाः** बेलबारी नगरपालिकाको आर्थिक ऐन, २०८२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले नगर सभाको १८ औं अधिवेशनबाट यो ऐन संशोधन गरी स्वीकृत गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "बेलबारी नगरपालिकाको आर्थिक ऐन, २०८२ लाई संशोधन गर्न बनेको ऐन, २०८२" रहनेछ ।

(२) यो ऐन नगर सभाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

२. **बेलबारी नगरपालिकाको आर्थिक ऐन, २०८२ को दफा २ र ३ सँग सम्बन्धित अनुसूची १ को बुँदा नं. क को क्र.सं. ६५ मा संशोधनः** बेलबारी नगरपालिकाको आर्थिक ऐन, २०८२ (यस पछि "मूल ऐन" भनिएको) क्र.सं. ६५ लाई क्र.सं. ६५ (क) र क्र.सं. ६५ (ख) बनाई देहाय अनुसार थप गरिएको छ ।

| क्र.सं. | वर्गीकरणका (भूउपयोग क्षेत्र वर्गीकरणको आधारहरू) | भू-उपयोग वर्गीकरण अनुसारको क्षेत्र | सम्पतिकरको दर प्रतिकट्ठा प्रस्ताव (रू) | भूमिकरको दर प्रतिकट्ठा प्रस्ताव (रू) |
|---|---|---|---|---|
| ६५(क) | व्यवसायिक क्षेत्र (क) | लक्ष्मीमार्ग सोह्रभाग सडकको नलबारीदेखि डाँगीहाट चोक सम्म दाँयाबाँया ५० मि.सम्म | १५,००,०००/- | १५० |
| ६५(ख) | व्यवसायिक क्षेत्र (ख) | "क“ बर्ग ( लक्ष्मीमार्ग डाँगीहाट सोह्रभाग सडक) को डाँगीहाट बजार क्षेत्र भुटुवा खवासको घरदेखि उत्तरको क्षेत्र | २०,००,००० | २०० |

**३. मूल ऐनको दफा २ र ३ सँग सम्बन्धित अनुसूची १ को बुँदा नं. क को क्र.सं. ६६ मा संशोधनः** मूल ऐनको दफा २ र ३ सँग सम्बन्धित अनुसूची १ को बुँदा नं. क को क्र.सं. ६६ को सट्टा देहायको क्र.सं. ६६ राखिएको छ ।

| क्र.सं. | वर्गीकरणका (भूउपयोग क्षेत्र वर्गीकरणको आधारहरू) | भू-उपयोग वर्गीकरण अनुसारको क्षेत्र | सम्पतिकरको दर प्रतिकठ्ठा प्रस्ताव (रू) | भूमिकरको दर प्रतिकठ्ठा प्रस्ताव (रू) |
|---|---|---|---|---|
| ६६ | व्यवसायिक क्षेत्र (ग) | हुलाकी मार्गको दायाँ बायाँ १०० मि. भित्र | ८,००,०००/- | ८० |

**४. मूल ऐनको दफा २ र ३ सँग सम्बन्धित अनुसूची १ को बुँदा नं. ख को क्र.सं. ६८ मा संशोधनः** मूल ऐनको दफा २ र ३ सँग सम्बन्धित अनुसूची १ को बुँदा नं. क को क्र.सं. ६८ को सट्टा देहायको क्र.सं. ६८ राखिएको छ ।

| क्र.सं. | वर्गीकरणका (भूउपयोग क्षेत्र वर्गीकरणको आधारहरू) | भू-उपयोग वर्गीकरण अनुसारको क्षेत्र | सम्पतिकरको दर प्रतिकठ्ठा प्रस्ताव (रू) | भूमिकरको दर प्रतिकठ्ठा प्रस्ताव (रू) |
|---|---|---|---|---|
| ६८ | आवासीय क्षेत्र (ख) | "क" वर्ग (लक्ष्मीमार्ग डाँगीहाट सोह्रभाग सडक)को सडक डाँगीहाट बजार क्षेत्र भुटुवा खवासको घरदेखि उत्तर को व्यवसायिक पछिको दायाँ बायाँ ५० मि | १५,००,०००/- | १५० |

आज्ञाले,
संजय बहादुर राजलवट
प्रमुख प्रशासकीय अधिकृत

**बेलबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, बेलबारी, मोरङमा मुद्रित**
**Website: www.belbarimun.gov.np**